नेपाल सरकार
# कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
(..................................................शाखा)

प.सं. :
च.नं. :

सिंहदरबार, काठमाण्डौं

## प्रेस विज्ञप्ति

माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री धनराज गुरुङज्यू र युरोपियन युनियन (ईयू) प्रतिनिधिमण्डलका राजदुत महामहिम Ms. Nona Deprez बीच आज मिति २०८० साल जेठ ३० गते मंगलबार कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा शिष्टाचार भेटवार्ता भयो ।

भेटवार्ता क्रममा माननीय मन्त्रीज्यूले नेपाल र युरोपियन युनियन (ईयू) बीच सन् १९७५ मा दौत्य सम्बन्ध कायम भएको र हालसम्म हामी बची प्रगाढ सम्बन्ध रहेको धारणा व्यक्त गर्नु भयो । साथै उहाँले नेपालको विकासका विभिन्न क्षेत्रहरुमा गरेको सहयोगका लागि धन्यवाद व्यक्त गर्नु भयो ।

भेटका क्रममा राजदुत महामहिम Ms. Nona Deprez ले कानून मन्त्रीज्यूलाई बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्नुभयो । उक्त अवसरमा उहाँले नेपालको विकास साझेदार हुन पाउँदा खुशी लागेको बताउँदै संक्रमणकालीन न्याय, सर्वसाधारणको न्यायमा पहुँच, शिक्षा सम्बन्धी ऐन लगायत विषयमा चासो व्यक्त गर्नु भयो । साथै उहाँले नेपालको समग्र आर्थिक, सामाजिक, न्यायिक विकास एवम् सुशासनको क्षेत्रमा सदैव सहकार्य गर्ने प्रतिवद्धता समेत व्यक्त गर्नु भयो ।

(फणिन्द्र गौतम)
सहसचिव एवम् प्रवक्ता

मितिः २०८०।०२।३०

फोनः ०१-४२००२२५, ४२११९७४, ४२११९८७, फ्याक्स नं.: ०१-४२११६८४, इमेलः infolaw@moljpa.gov.np